मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः २०७९/८०
चलानी नं. :

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

मितिः २०८० असार ३

## मिटरव्याजीहरुको आतंक नियन्त्रणका लागि अपिल

मिति २०८० असार २ र ३ गते नयाँ पत्रिकामा प्रकाशित सम्वाददाता सौरव यादवद्वारा संकलित समाचार "ससरीका मिटरव्याजी साहुकारको ज्यादती", "बथनाहाका घरघरमा वेदनारायण आतंक" प्रति आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । मिटरव्याजी साहुहरुको ज्यादती विरुद्ध पिडितहरुले आन्दोलन गरेपछि सरकारले मिटरव्याज सम्वन्धि जाँचवुझ आयोग नै गठन गरेर छानविन गरिरहेको भएतापनि ससरी लगायत तराई मधेसका जिल्लाहरुमा देखिएको मिटरव्याजीहरुको आतंकले मिटरव्याज पिडितहरु दिन प्रतिदिन मानसिक, शारिरिक र आर्थिक संकटमा पर्दै आएका छन् । ससरी लगायतका तराई मधेशका अन्य जिल्लाहरुका मिटरव्याज पिडितहरु घरवार विहिन भई जीवनयापन गर्न समेत नसकेको अवस्था छन् । अनुगमन कार्यक्रममा यस आयोगका मां. अध्यक्षले ससरी जिल्लामा "जिल्लाको समग्र अवस्था" विषयक छलफल जिल्लाका सुरक्षा निकायका प्रमुखहरुसँग २०८० जेठ ३१ गते गर्नु भएको थियो । त्यसै गरी माननीय सदस्यहरुद्वारा विभिन्न जिल्लामा गरिएका वैठकहरुमा समेत ध्यानाकर्षण गराउँदा पनि समस्या न्यूनीकरण नभएको देखिन्छ । त्यसमा मिटरव्याज पिडितहरुलाई कानूनी व्यवस्थापन र पिडकहरुलाई आवश्यक कारवाहीको लागि निर्देशन समेत दिएतापनि "रकम आतंक" मा कमि देखिएन ।

मिटरव्याज पिडितहरु आ–आफ्नै घरजग्गामा बसोवास भएतापनि सुकम्बासी सरह जीवनयापन गर्न बाध्य छन् । तसर्थ मिटरव्याज पिडितहरुको समस्या समाधान गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट आवश्यक पहल होस् भनी आयोग हार्दिक अपिल गर्दछ ।

रुद्र प्रसाद लामिछाने
सचिव


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८